**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।१२।२६ गते।

बैठक बसेको समयः बिहान ८.०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |

श्री चन्द्रिका थापा - का. प.

मिति २०८१।१२।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | सौगात लघु उद्यम सहकारी संस्था, सिन्धुलीलाई आर्थिक सहायता दिने सम्बन्धमा। | सामाजिक विकास शाखा |
| २. | प्रदेश प्राविधिक तथा व्यावसायीक शिक्षा एवम् तालिम परिषदसँग साझेदारीमा कुक तालिम सञ्चालन गर्ने र सो कार्यका लागि श्रोत सुनिश्चित गर्ने सम्वन्धमा | सामाजिक विकास शाखा |
| ३. | आँखा शिविर तथा सेवा केन्द्र सञ्चालन गर्न श्रोत सुनिश्चित गर्ने सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ४. | जिल्लाभरिका उपाध्यक्षहरुको भेला कार्यक्रम सञ्चालनको लागि वजेट सुनिश्चित गर्ने सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ५. | करार एवम् ज्यालादारीमा रहेका कर्मचारीहरुको व्यवस्थापन सम्वन्धमा | प्रशासन शाखा |
| ६. | एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत र टोल एवम् घरमा गई स्वास्थ्य सेवा सञ्चालन गर्ने कार्यविधि, २०८० संशोधन गर्ने सम्बन्धमा | प्रशासन शाखा |
| ७. | योगदानमा आधारित एकीकृत निवृत्तिभरण कोषको सञ्चालन तथा व्यवस्थापन कानून तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने सम्वन्धमा | प्रशासन शाखा |
| ८. | सवारी साधन मर्मत सहयोग गर्ने सम्वन्धमा | जिन्सी शाखा |
| ९. | आर्थिक सहयोग सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| १०. | सेवा सुविधा सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ११. | काज सहमति सम्वन्धमा | शिक्षा शाखा |
| १२. | असाधारण विदा स्वीकृत गर्ने सम्वन्धमा | प्रशासन शाखा |
| १३. | योजना माग सम्वन्धमा | पूर्वाधार विकास शाखा |
| १४. | सडक खुलाउने सम्वन्धमा | पूर्वाधार विकास शाखा |
| १५. | भलिवल प्रतियोगिताका लागि सहयोग गर्ने | आर्थिक प्रशासन शाखा |
| १६. | सामाजिक सुरक्षा भत्ता वितरणका लागि | आर्थिक प्रशासन शाखा |



CamScanner

मिति २०८१।१२।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सौगात लघु उद्यम सहकारी लिमिटेडबाट सञ्चालित मिति २०८१/११/२३,२४, र २५ गते बागमती प्रदेश स्तरीय महिला कृषि उद्यम मेला आयोजना गरेको हुनाले सो सहकारीलाई रु ५०,००० (पँचास हजार) रुपैया सहयोग गर्ने कार्यालयको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश प्राविधिक तथा व्यावसायीक शिक्षा एवम् तालिम परिषदसँग साझेदारीमा कुक तालिम सञ्चालन गर्ने र सो कार्यका लागि श्रोत सुनिश्चित गर्ने निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफ गर्दा यस तीनपाटन गाउँपालिका र तीलगंगा आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा शिविर तथा सेवा केन्द्र सञ्चालन गर्न बजेट सुनिश्चित गर्ने र उक्त खर्च विविध खर्च शीर्षकबाट लेखाङ्कन हुनेगरी भूक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिन्धुली जिल्ला स्तरीय न्यायिक मञ्चको कार्यक्रम यस गाउँपालिकामा हुने हुँदा सो कार्यक्रम सञ्चालनका लागि बजेट सुनिश्चित गर्ने र उक्त खर्च विविध खर्च शीर्षकबाट गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस पालिकामा प्राविधिक प्रकृतिका करार एवम् ज्यालादारीमा वडा नं. १ र वडा नं. १० मा कार्यरत प्राविधिक कर्मचारीहरु, सरसफाइ गर्ने कर्मचारीको व्यवस्थापनका लागि आवश्यक खर्च करार सेवा शुल्कबाट व्यहोर्ने भनी सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाबाट सञ्चलानमा रहेको एम्बुलेन्सलाई प्रभावकारी रुपमा सञ्चलन गर्नका लागि एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने र टोलटोलमा स्वास्थ्य कर्मी कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउन टोल एवम् घरमै गई स्वास्थ्य सेवा सञ्चालन गर्ने कार्यविधि, २०८० संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि योगदानमा आधारित एकीकृत निवृत्तिभरण कोषको सञ्चालन तथा व्यवस्थापन कानून तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको सवारी साधन मर्मत गर्दा लागेको मर्मतको रकम आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मत गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यालयमा विभिन्न मितिमा प्राप्त भएका निवेदनहरुमाथि कारबाही हुँदा देहायका संस्थाहरुलाई तपसिल बमोजिम हुने गरी आर्थिक सहयोग प्रदान गर्ने निर्णय सर्वसम्मत गरियो।

तपसिलः

१. वडा नं. ८ मा मिति २०८१/१०/१७ गते बौद्ध धर्मलम्बीहरुको महान पर्व सोनाम ल्होसार कार्यक्रमका लागि रु २०,००० (विस हजार) रुपैया विविध खर्च शीर्षकबाट भुक्तानी दिने ।
२. नेपाल रेडक्रस सोसाइटी, सिन्धुलीको पत्रनुसार शव बोकेबापतको खर्च रकम बिलबमोजिम विविध खर्च शीर्षकबाट भूक्तानी दिने।
३. अपाङ्ग अस्पताल बनेपासँग गत आर्थिक बर्षमा भएको संझौताबमोजिम कार्य सम्पन्न भएको तर भूक्तानी नलिएकोले उक्त अस्पताललाई मिल्दो शीर्षकबाट संझौताबमोजिमको रकम आन्तरिक स्रोतबाट भूक्तानी दिने ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयबाट प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटारमा खटिनु भएका डा. श्री अशोक आले मगरलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट खर्च हुने गरी मासिक रु ५००००।– (पचास हजार) सुविधा बापतको रकम उपलब्ध गराउने। उक्त कार्यको लागि आगामी आर्थिक बर्षको शुरु महिनाबाट लागु हुने गरी सुविधा दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा श्री मा.वि. आम्बोटेका नि.मा.वि. तृतीय शिक्षक श्री इन्द्र बहादुर मगरले दिनु भएको निवेदनमाथि कारबाही हुँदा निजलाई निजको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी शिक्षा विकास तथा समन्वय समन्वय इकाई, सिन्धुलीमा कामकाजका लागि काजमा पठाउन सहमती दिने साथै तीनपाटन गाउँपालिका वडा नं. ११ मा अवस्थित श्री दर्लामीटार प्राथमिक विद्यालयमा सङ्घीय राहत कोटामा कार्यरत शिक्षक श्री हिरा कुमारी घिमिरे कमलामाई नगरपालिकामा सरुवा हुन पाउँ भनी यस गाउँपालिकामा निवेदन दिनु भएकोले निजलाई उक्त पालिकामा सरुवा भइ जान र

कमलामाई नगरपालिका जनता प्रा.वि ज्यामिरेमा कार्यरत शिक्षक श्री राजन भोलनलाई यस गाउँपालिकामा सरुवा भइ आउन सहमति दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकामा अ.न.मी पदमा कार्यरत हाल असाधारण विदामा रहनुभएका श्री सरिता घिमिरेले पेश गर्नुभएको निवेदन बमोजिम थप एक बर्षको असाधारण विदा(बेतलवी) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ८ मा बाहुनतिल्पुङमा अवस्थित बैङ्कटेश्वर मन्दिरको जग्गा कि.नं. ३ क २२, ३ क २३ र ३ क ५७ मा धर्मशाला निर्माणको लागि योजना माग गर्ने सहरी विकास कार्यालय सिन्धुली मार्फत पूर्वाधार विकास कार्यालय, हेटौंडालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा वडा नं. ११ मा रहेको चकमके-भाङ्टार भोक्टेनी सडक खण्ड र वडा नं. ११ मा रहेको हाँडीखोला-भालुखोला दोभान घाट जाने सडक बर्षापछि अवरुद्ध भएको उक्त बाटो खुलाउन उक्त कार्यका लागि मर्मत सम्भार कोषबाट प्राविधिक लागत इस्टिमेट बमोजिम खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा खेलकुद शाखा तर्फको कार्यक्रम सहयोग तथा साझेदारी कार्यक्रमबाट रु १ लाख वडा नं. १ मा रहेको न्यू सुनौलो युवा क्लब बेलघारीलाई नयाँ वर्षको अवसरमा भलिबल प्रतियोगिता सञ्चालन गर्न सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा भौगोलिक विकटताका कारण सामाजिक सुरक्षा भत्ता वितरण गर्न असहज हुने भएकोले वडा नं. १, २ र ३ लाई मध्यनजर गरी त्रैमासिक रुपमा हुने सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाउन भत्ता वितरण कार्यमा खटिने नेपाल मेगा इन्भस्टमेण्ट बैंक, ग्लोबल आइएम इ बैंक र प्रहरी कार्यालयको कर्मचारीहरुलाई सवारी साधन, दैनिक भ्रमण भत्ता र खाजा भत्ता विगतमा गरेको काम समेतको आधारमा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो